# रिब्दीकोट गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः २ रिब्दीकोट कार्तिक २६, २०७७ साल संख्याः ४**

**भाग – २**


**रिब्दीकोट गाउँपालिका**

**स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम गाउँ सभाले बनाएको तल लेखिए बमोजिम लैङ्गिक हिंसा निवारण कोष सञ्चालन मापदण्ड सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

## रिब्दीकोट गाउँपालिकाको लैङ्गिक हिंसा निवारण कोष सञ्चालन मापदण्ड, २०७७

कार्यपालिकाबाट पारित मिति २०७७।०७।२६

प्रस्तावना

नेपालको संविधान २०७२ को धारा ३८ को महिलाको हकको कार्यान्वयन गर्न र लैङ्गगिक हिंसाबाट पीडित वा प्रभावितलाई तत्काल उद्धार गर्न, औषधी उपचार गर्न वा पुनर्स्थापना गर्ने कार्यका लागि गाउँपालिकामा लैङ्गगिक हिंसा निवारण कोष स्थापना गरी सो कोषबाट पीडित वा प्रभावितलाई रकम प्रदान गर्ने कार्यलाई सरल, सहज एवं प्रभावकारी बनाउनको लागि लैङ्गगिक हिंसा निवारण कोष (संचालन) नियमावली, २०६७ तथा लैंगिक हिंसा निवारण कोष स्थापना तथा विस्तारका लागि सशर्त अनुदान रकम खर्च सम्बन्धी मापदण्ड,२०७६ को अधिन एवं स्थानीय सरकार ऐन, २०७४ को दफा १०२ उपदफा (२) ले

दिएको अधिकार प्रयोग गरी रिब्दीकोट गाउँपालिकाको लैङ्गिक हिंसा निवारण कोष सञ्चालन मापदण्ड, २०७७ तयार गरिएको छ ।

१) संक्षिप्त नाम र प्रारम्भः

(क) यो मापदण्डको नाम रिब्दीकोट गाउँपालिकाको "लैङ्गिक हिंसा निवारण कोष संचालन मापदण्ड, २०७७" रहने छ ।

(ख) यो मापदण्ड रिब्दीकोट गाउँपालिकाको बैठकले पारित गरेको मिति देखि लागु हुनेछ ।

२) परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमाः

(क) "गाउँपालिका" भन्नाले रिब्दीकोट गाउँपालिकालाई सम्भन्नु पर्ने छ ।

(ख) "कोष" भन्नाले दफा (३) बमोजिमको लैङ्गिक हिंसा निवारण कोष संभन्नु पर्छ ।

(ग) "पीडित" भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्भन्नु पर्छ ।

(घ) "घरेलु हिंसा" भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्भन्नु पर्दछ ।

(ङ) "लैंगिक हिंसा" भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार,सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैंगिक आधारमा हुने हिंसा संभन्नु पर्छ ।

(च) "समिति" भन्नाले मापदण्डको दफा (९) वमोजिम गठित कोष कोष संचालन तथा स्थानीय तत्काल उद्धार तथा राहत समितिलाई सम्भन्नु पर्दछ ।

३. कोषको स्थापना

(१) लैंगिक हिंसा पिडित र प्रभावितहरुको तत्काल उद्धार गर्न, राहत र पुनःस्थापना गर्ने काम समेतका लागि

रिब्दीकोट गाउँपालिकाले लैंगिक हिंसा निवारण कोष खडा गरेको छ ।

(२) कोषमा देहाय वमोजिमको रकम जम्मा गर्न सकिनेछ ।

क) संघीय तथा प्रदेश सरकारवाट प्राप्त हुने अनुदान रकम,

ख) रिब्दीकोट गाउँपालिकाको आन्तरिक स्रोतबाट छुट्याइएको रकम,

ग) विभिन्न संघ संस्था वा व्यक्तिबाट सहयोग स्वरुप प्राप्त रकम,

घ) अन्य कुनै आन्तरिक तथा बाह्य स्रोतबाट प्राप्त रकम,

ङ) बैंक खातामा रहेको मौज्दातबाट प्राप्त व्याज रकम,

४. कोषमा रकम जम्मा गर्नेः

गाउँपालिकाले प्रत्येक वार्षिक बजेटमा व्यवस्था गरी कोषमा रकम जम्मा गर्नु पर्नेछ ।

५. कोषको उपयोग :

(१) कोषको रकम देहायको कामको लागि उपलब्ध गराउन उपयोग गरिनेछ :

(क) पीडितलाई तत्काल उद्धार गर्न,

(ख) पीडितलाई औषधी उपचार गर्न,

(ग) पीडितलाई तत्काल उपचार गराउदा लागेको खर्च पीडकले तत्काल व्यहोर्न नसक्ने भई अदालतको आदेश बमोजिम त्यस्तो पीडितको स्वास्थ्य उपचार गर्न

(घ) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(ङ) पीडितलाई कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोपरामर्श लगायतका सेवा प्रदान गर्न,

(च) सीपमुलक तालिम प्राप्त पिडितलाई स्वरोजागारका लागि कुनै व्यवसाय स्थापना गर्नको लागि अनुदान रकम प्रदान गर्न,

(छ) पीडित र प्रभावितका लागि पुनर्स्थापना गराउन,

(ज) अल्पकालीन महिला सुरक्षा सेवा केन्द्र संचालनको लागि माग भई आएमा समितिले आवश्यक ठानेमा आवश्यकता र औचित्यताको आधारमा सेवा केन्द्र संचालनको लागि रकम प्रदान गर्न ।

(झ) पीडितको लागि कोष परिचालन समितिले तोके बमोजिमको अन्य काम गर्न ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कोष सञ्चालक समितिले लैंगिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैंगिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

६. <u>कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :</u>
कोषको रकम दफा (५) बमोजिम बाहेक अन्य कामका लागि उपयोग गर्न सकिने छैन ।

७. <u>राहत तथा आर्थिक सहयोगको आधार र मापदण्डः</u>

(१) रिब्दीकोट गाउँपालिकाले कोष परिचालन समिति गठन गरी पीडित र प्रभावितलाई राहत तथा आर्थिक सहयोग प्रदान गर्नुपर्दछ ।

(२) कोष संचालन समिति उपदफा (१) बमोजिम पीडित र प्रभावितलाई रकम उपलब्ध गराउदा देहाय बमोजिमको रकमको हद र आधार लिनुपर्दछ ।

(क) पीडितलाई तत्काल उद्धार,औषधी उपचार, पुनर्स्थापना वा राहत तथा आर्थिक सहयोग नगरेमा गम्भीर मानवीय क्षति हुने देखिएमा कोष संचालन समितिले निर्णय गरी वीस हजार रुपैया नवढ्ने गरी मनासिव रकम,

(ख) हिंसा पीडितले कुनै सीपमुलुक तालिम प्राप्तगरी व्यवसाय संचालन गर्नका लागि वस्तुगत सहयोग वा नगद अनुदान माग गरेमा व्यवसायको प्रकृति र औचित्यता आधारमा प्रति व्यक्ति बढीमा दश हजार रुपैया,

(ग) पीडितलाई कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च,

(घ) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्चवापत प्रतिदिन तीन सय रुपैयाँ र बास बस्नु पर्ने भए सो वापत छुट्टै रकम दिनु पर्ने भएमा प्रतिदिन पाँचसय रुपैयाँको दरले लागेको यथार्थ खर्च रकम,

(ङ) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आँउदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रति दिन तीन सय रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभई वाहिर बस्नु

परेमा बास खर्च वापत प्रतिदिन पाँचसय रुपैयाँ र उपचार खर्चको यथार्थ खर्च रकम,

(च) कोष संचालन समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति, आवश्यकता र औचित्यताको आधारमा बढीमा दश हजार रुपैयाँ ।

८. <u>राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने</u>

(१) यस मापदण्ड वमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई रिब्दीकोट गाउँपालिकाको कार्यालयमा अनुसूची १ बमोजिमको ढाचाँमा  निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर जाचबुझ गर्दा पीडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने आधार देखिएमा मापदण्डको दफा (७) बमोजिम कोष संचालन समितिले निर्णयगरी उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा(२) मा जुनसुकै कुरा उल्लेख भएतापनि पीडित तथा प्रभावितलाई तत्काल राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने मनासिव आधार देखिएमा दफा (७) बमोजिम कोष संचालन समिति बाट पछि अनुमोदन गराउनेगरी संयोजकले तत्काल उपलब्ध गराउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम प्राप्त निवेदन अनुसार जाँचबुझ गर्दा पीडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने आधार नदेखिएमा सोको जानकारी निवेदकलाई गराउनु पर्नेछ ।

९. कोष संचालन तथा स्थानीय तत्काल उद्धार  तथा राहत  समिति गठन

(१) कोषको संचालन तथा व्यवस्थापन गर्ने प्रयोजनको लागि एक कोष संचालन समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ ।

(क) गाउँपालिका उपाध्यक्ष संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत सदस्य

(ग) सामाजिक विकास समिति संयोजक सदस्य

(घ) आर्थिक प्रशासन शाखा प्रमुख सदस्य

(ङ) स्वास्थ्य शाखा प्रमुख सदस्य

(च) इलाका प्रहरी कार्यालयको प्रतिनिधि सदस्य

(छ) गाउँपालिका कानुनी सल्लाकार सदस्य

(ज) लैंगिक हिंसा निवारणको क्षेत्रमा कार्य गर्ने संघसंस्थाहरु मध्येबाट संयोजकले मनोनित गरेको एकजना सदस्य

(झ) महिला तथा वालवालिका शाखा प्रमुख सदस्य-सचिव

उपदफा-२) को खण्ड -ज) बमोजिमको सदस्यको पदावधि २ वर्षको हुनेछ .

१०. <u>समितिको काम, कर्तव्य र अधिकारः</u>

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) लैंगिक हिंसा पिडित तथा प्रभावितको उद्धार गर्ने, पुनःस्थापना गर्ने तथा राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा कार्यक्रम तर्जुमा गर्ने,

ख) लैंगिक हिसा पिडित तथा प्रभावितको पहिचान गर्ने र वास्तविक पिडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलध गराउने,

ग) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए वा नभएको सम्बन्धमा अनुगमन गर्ने वा गराउने,

घ) लैंगिक हिंसा हुन नदिनको लागि :थानीय:तरमा

जनचेतनामूलक कार्यक्रम संचालन गर्ने,

ङ) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने,

च) लैंगिक हिंसा निवारणको क्षेत्रमा कामगर्ने निकायसँग समन्वय गर्ने,

छ) समितिलाई तत्काल आवश्यक पर्ने कोषमा रहेको रकम उपयुक्त क्षेत्रमा लगानी गर्ने,

ज) कोषमा रकम वृद्धिका लागि गाउँपालिका समक्ष सिफारिस गर्ने,

झ) लैङ्गिक हिंसा पिडित तथा प्रभावित सम्बन्धी अन्य गतिविधिहरु सञ्चालन गर्ने,

११. समितिको बैठक र निर्णयः

क) समितिको बैठक आवश्यकता अनुसार वस्नेछ,

ख) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्ने छ,

ग) समितिको कुल सदस्य संख्याको ५० प्रतिशतभन्दा वढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको गणपुरक संख्या पुगेको मानिनेछ,

घ) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरु मध्येवाट छानेको सदस्यले गर्नेछ,

ङ) समितिको बैठकमा वहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा वैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ,

च) समितिले आवश्यकता अनुसार गाउँपालिकाको कुनै पदाधिकारी वा कर्मचारीलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सक्नेछ,

छ) समितिको निर्णय समितिको सदस्य सचिवले प्रमाणित गर्नेछ ।

ज) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समितिको बैठकमा निर्णय गरी निर्धारण गरे बमोजिम हुनेछ ।

१२. समितिको प्रशासनिक खर्चः

समितिको प्रशासनिक खर्च कोषमा जम्मा भएको रकम र सो कोषबट प्राप्त व्याज रकमको १० प्रतिशत भन्दा बढी हुने छैन ।

१३. खाता सञ्चालनः

क) कोषको रकम समितिको निर्णय बमोजिम एन.आइ.सी एसिया (NIC ASIA) बैकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

ख) उपदफा (क) बमोजिम खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखा प्रमुखको संयुक्त दस्तबतबाट हुनेछ ।

१४. कोषको लेखा र लेखा परिक्षणः

कोषको लेखा र लेखा परिक्षण गाउँपालिकाले अपनाएको लेखा प्रणाली र लेखा परिक्षण प्रक्रिया बमोजिम हुनेछ ।

१५. कोषको रकम फ्रिज नहुनेः

कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्यसम्म बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

१६. प्रतिवेदन पेश गर्नेः

१) समितिले आफूले गरेको कार्यको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

२) उपदफा (१) वमोजिम समितिले पेश गरेको प्रतिवेदन गाउँ कार्यपालिकाले सार्वजनिक गर्ने छ ।

१७. बैठक भत्ता:

समितिका संयोजक र सदस्यले समितिको बैठकमा भाग लिए बापत गाउँ कार्यपालिकाले तोके बमोजिमको रकम बैठक भता पाउनेछन् ।

१८. कोषको सचिवालय:

कोषको सचिवालय गाउँ कार्यपालिकाको कार्यालयमा रहनेछ ।

१९. अभिलेख राख्ने:

समितिले आफुले गरेका कामको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

२०. निर्देशन दिन सक्ने:

क) गाउँ कार्यपालिकाले समितिको काम कारवाहीको सन्दर्भमा समितिलाई निर्देशन दिन सक्नेछ ।

ख) उपदफा (क) बमोजिम गाउँ कार्यपालिकाले दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

२१. अधिकार प्रत्यायोजन:

समितिले यस मापदण्ड बमोजिम आफुलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार समितिको संयोजक, सदस्य वा गाउँ कार्यपालिकाले तोकेको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२२. संशोधन:

गाउँपालिकाले आवश्यक ठानेमा मापदण्ड स+शोधन गर्न सकिने छ .

२३. कोष खारेज हुन सक्ने:

क) कुनै कारणबश कोष संचालन गर्न आवश्यक नदेखिएमा

गाउँ कार्यपालिकाको निर्णयबाट कोष खारेज गर्न सकिनेछ ।

ख) उपदफा (क) बमोजिम कोष खारेज भएमा कोषको रकम हस्तान्तरण सम्बन्धी निर्णय गाउँ कार्यपालिकाको बैठकबाट हुनेछ ।

सम्वत् २०.......... साल ....................महिना .......... गते गाँउ कार्यपालिकाद्वारा स्वीकृत रिब्दीकोट गाँउपालिकाको “लैंगिक हिंसा निवारण कोष संचालन मापदण्ड, २०७७” पारित गरिएको छ ।

आज्ञाले
प्रेमचन्द्र अर्याल
प्रमुख प्रशासकीय अधिकृत